# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१३ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला चितवन, भरतपुर महानगरपालिकाका तत्कालीन बरिष्ठ इन्जिनियर (अधिकृत आठौं तह) भरत कुमार आचार्यले पदीय मर्यादा विपरीतका कार्यहरू गरी स्रोत पुष्टि हुन नसक्ने गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्रतिवादी भरत कुमार आचार्य इन्जिनियर/रा.प.तृतीय श्रेणी पदमा राष्ट्रसेवक भई सेवामा प्रवेश गरेको मिति २०४८।१०।०६ गतेदेखि गैरकानुनी सम्पत्ति अनुसन्धान कार्यविधि, २०७८ को दफा २(थ) र दफा ६ को उपदफा (३) बमोजिमको सम्पत्ति विवरण फाराम निजले आयोगबाट बुझिलिएको मिति २०८०।०३।०६ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी निज तथा निजको एकाघर परिवार/संगोलमा रहेका व्यक्तिहरूको आम्दानी तथा खर्चको विश्लेषण गर्दा निज प्रतिवादी भरत कुमार आचार्यको पारिश्रमिक/तलब, दैनिक भ्रमण भत्ता, स्थानिय भत्ता, बैठक भत्ता लगायत अन्य भत्ता बापत बचत रकम, जग्गा बिक्रीबाट प्राप्त आय, निजको श्रीमती लिली सुवेदीको पारिश्रमिक बचत, बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त कर्जा बापतको रकम, घर बहालबाट प्राप्त आय, बिभिन्न फर्म/कम्पनीहरूमा गरेको लगानीबाट प्राप्त गरेको नाफा रकम, सवारी साधन बिक्रीबाट प्राप्त रकम, बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खातामा भएको मौज्दातमा प्राप्त ब्याज आय र बिभिन्न व्यक्तिगतहरूबाट बैंकिङ्ग माध्यमबाट प्राप्त रकमसमेत गरी निज तथा निजका एकाघर परिवारका सदस्यहरूले जाँच अबधिमा बैधानिक रूपमा कूल **रू.३,५१,०८,२१०।१८ (तीन करोड एकाउन्न लाख आठ हजार दुई सय दश रूपैयाँ अठार पैसा)** आय आर्जन गरेको देखिएको।

यसैगरी, सोही जाँच अबधिमा निज प्रतिवादी भरत कुमार आचार्य तथा निजका एकाघर परिवारका सदस्यहरूको व्ययतर्फका शीर्षकहरूमा जग्गा खरिद रकम, घर निर्माण, सवारी साधन खरिद बापतको रकम, निज तथा निजको श्रीमतीको जीवन बीमा शुल्क भुक्तानी रकम, निजको छोरा छोरीहरूको शैक्षिक खर्च बापतको रकम, बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जाको साँवा तथा ब्याज बातपको रकम, बिभिन्न फर्म/कम्पनीहरूमा लगानी बापतको रकम, बिभिन्न व्यक्तिहरूलाई बैंकिङ्ग माध्यमबाट भुक्तानी गरेको रकम र आफ्नो तथा एकाघर परिवारका सदस्यहरूको नाममा रहेको बैंक खातामा भएको मौज्दातसमेत गरी कूल **रू.१०,२९,९९,२२६।१२ (दश करोड उन्तीस लाख उनान्सय हजार दुई सय छब्बीस रूपैयाँ बाह्र पैसा)** व्यय (खर्च तथा लगानी समेत) गरेको देखिंदा प्रतिवादी भरत कुमार आचार्यको जाँच अवधिको कूल/समग्र आयबाट सोही अवधिको कूल व्यय (खर्च तथा लगानी समेत) घटाउँदा **रू.६,७८,९१,०१५।९४ (छ करोड अठहत्तर लाख एकानब्बे हजार पन्ध्र रूपैया चौरानब्बे पैसा)** ले कूल बैधानिक आय भन्दा कूल व्यय अधिक हुन गई स्रोत पुष्टि भएको नदेखिएकोबाट निज राष्ट्रसेवक प्रतिवादी भरत कुमार आचार्यले उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निज प्रतिवादीले प्रचलित कानुन बमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएको, निजले मनासिव कारण बिना बैधानिक आयको तुलनामा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको स्थापित भएको तथा निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी श्रीमतीको नाममा सम्पत्तिहरू

खरिद गरेको देखिंदा निज भरत कुमार आचार्य र निजको श्रीमती लिली सुवेदी उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला चितवन, भरतपुर महानगरपालिकाका तत्कालीन बरिष्ठ इन्जिनियर (अधिकृत आठौं तह) भरत कुमार आचार्य | **रू.६,७८,९१,०१५।९४** | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिए बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. **छ करोड अठहत्तर लाख एकानब्बे हजार पन्ध्र रूपैयाँ चौरानब्बे पैसा** कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद र बिगोबमोजिम जरिवाना हुन तथा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग. र दफा २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति जफत हुन साथै पेस गरेको सम्पत्ति विवरणमा वास्तविक सम्पत्ति भन्दा बढाई र भए रहेको सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुनसमेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी भरत कुमार आचार्यको श्रीमती लिली सुवेदी | - | प्रतिवादी भरत कुमार आचार्यले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट निजको श्रीमती लिली सुवेदीको नाममा खरिद गरिएका सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, ऐ.ऐनको दफा १६ग, ऐ. ऐनको दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२), ऐ.ऐनको दफा २० को उपदफा (२), ऐ. ऐनको दफा ४७, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका प्रचलित कानुन बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निजलाई प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने